# अर्थ बुलेटिन

वर्ष ३ अंक १ २०७८ साउन

नेपाल सरकार
अर्थ मन्त्रालय



## आर्थिक वर्ष २०७८/७९ को साउन महिनाको आर्थिक झलक

- चालु आर्थिक वर्ष २०७८/७९ को साउन महिनामा संघीय सरकारी खर्चमा उल्लेख्य वृद्धि भएको छ। यस अवधिमा राजस्व सङ्कलनमा समेत उल्लेख्य वृद्धि भएको छ।
- यस अवधिमा वैदेशिक सहायता प्रतिवद्धतामा भने ५७.० प्रतिशतले संकुचन आएको छ।
- वस्तु निकासी गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ११५.९ प्रतिशतले वृद्धि भएको छ भने वस्तु पैठारीमा समेत ७५.७ प्रतिशतले वृद्धि भएको छ। पैठारी व्यापारको आकार ठूलो भएकोले निकासी व्यापारको वृद्धिदर उच्च रहे पनि वस्तु व्यापार घाटा ७०.५९ प्रतिशतले वृद्धि भएको छ।
- आर्थिक वर्ष २०७८/७९ को साउन मसान्तसम्म शोधनान्तर स्थिति रू ३८ अर्ब ७५ करोडले घाटामा रहेको छ। विदेशी विनिमय सञ्चिति ५.८ प्रतिशतले कमी आएको छ।
- यस अवधिमा कम्पनी दर्ता ३२.० प्रतिशतले वृद्धि भएको छ । पर्यटक आगमनमा ६९.७ प्रतिशतले कमी आएको छ।

## संघीय सरकारी खर्च

१. आर्थिक वर्ष २०७८/७९ को साउन महिनामा संघीय सरकारको कुल खर्च गत आर्थिक वर्षको सोही अवधिको तुलनामा उल्लेख्य वृद्धि भई रू. १० अर्ब ४९ करोड पुगेको छ। अघिल्लो आर्थिक वर्षमा यस्तो खर्च रु. १ अर्ब ९२ करोड रहेको थियो। कुल खर्च मध्ये चालु खर्च रू. ९ अर्ब ५५करोड ७५ लाख र पूँजीगत खर्च रू. ९३ करोड ५० लाख रहेको छ।

**तालिका (क): पछिल्लो ५ आर्थिक वर्षको साउन महिनाको खर्चको स्थिति (रू. करोडमा)**

| क्र.सं./आ.व. | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/८९ |
|---|---|---|---|---|---|---|
| चालु | ६२२.९५ | ६७६६.२१ | २४६६.८६ | ३५६.६४ | १७२.८३ | ९५५.७५ |
| पूँजीगत | ८.९१ | ३५.१५ | १२३.६८ | ५९.६२ | १३.३३ | ९३.५० |
| वित्तीय व्यवस्था | १२.५४ | ०.०० | ०.०० | १०.९१ | ११.७५ | ०.०० |
| कुल | ६४५.०० | ६८०१.३६ | २५९०.५४ | ४२८.०० | १९७.९१ | १०४९.२५ |

स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय

२. चालु आर्थिक वर्षको साउन महिनामा वित्तीय व्यवस्था तर्फ रकम खर्च भएको छैन।

३. चालु आर्थिक वर्षको साउन महिनाको कुल संघीय सरकारी खर्चको खर्चभार ०.००६ रहेको छ। यस अवधिमा चालु आर्थिक वर्षको कुल बजेट १६ खर्ब ४७ अर्ब ५७ करोडको ०.६४ प्रतिशत खर्च भएको छ। जसमा चालु खर्च ०.९५ प्रतिशत र पूँजीगत खर्च ०.२१ प्रतिशत खर्च भएको छ।

## राजस्व परिचालन

४. आर्थिक वर्ष २०७८/७९ को साउन महिनामा संघीय सरकारको कुल राजस्व गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ५८.६ प्रतिशतले वृद्धि भई रू. ९३ अर्ब २६ करोड पुगेको छ। कुल राजस्वमा कर राजस्व रू. ७६ अर्ब १९ करोड र गैरकर राजस्व रू. १७ अर्ब ७ करोड रहेको छ। यस अवधिमा अन्य प्राप्ति सहित कुल प्राप्ति रू. १ खर्ब ५ अर्ब ९३ करोड पुगेको छ।

५. गत आर्थिक वर्षको सोही अवधिको तुलनामा कर राजस्वमा ३४.७ प्रतिशतले वृद्धि भएको छ भने गैरकर राजस्वमा ६५६.० प्रतिशतको उल्लेख्य वृद्धि भएको छ।

प्रकाशन तथा सम्पादन
आर्थिक नीति विश्लेषण महाशाखा
सिंहदरवार, काठमाडौं

इमेल: epad@mof.gov.np फोन नं.: ०१-४२११३२६ फ्याक्स नं.: ०१-४२११३२५

### तालिका (ग): राजस्व लक्ष्य र असुलीको विवरण (रू. करोडमा)

| कर शीर्षक | आ.व. २०७८/७९ वार्षिक लक्ष्य | २०७७/७८ साउनको सङ्कलन | २०७८/७९ साउनको सङ्कलन | २०७८/७९ साउन महिनाको लक्ष्य | असुली प्रतिशत | वार्षिक प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|---|
| **भन्सार महशुल** | **२७,२६२.०५** | **१,०८८.९८** | **१,८१४.१५** | **१,६२१.०४** | **१११.९** | **६६.६** |
| **मूल्य अभिवृद्धि कर** | **३०,५५८.६८** | **२,०९०.०९** | **२,५९७.५१** | **२,१०४.०८** | **१२३.५** | **२४.३** |
| उत्पादन, बिक्री, सेवा | १३,१३२.३५ | १,२४४.९८ | १,१५६.०१ | १,०५८.५० | १०९.२ | (७.१) |
| पैठारी | १७,४२६.३३ | ८४५.११ | १,४४१.५० | १,०४५.५८ | १३७.९ | ७०.६ |
| **अन्त:शुल्क** | **१७,२५७.३५** | **७६२.९३** | **१,१७५.३१** | **९८८.७६** | **११८.९** | **५४.१** |
| आन्तरिक उत्पादन | १०,४०८.०९ | ५४५.६१ | ६४७.०१ | ५७७.७० | ११२.० | १८.६ |
| पैठारी | ६,८४९.२६ | २१७.३२ | ५२८.३१ | ४११.०६ | १२८.५ | १४३.१ |
| **शिक्षा सेवा शुल्क** | **९८.५२** | **१.७०** | **२.६६** | **१०.५२** | **२५.३** | **५६.३** |
| **आयकर** | **२८,६४२.७८** | **१,७११.९४** | **२,०२९.१६** | **१,७७७.२४** | **११४.२** | **१८.५** |
| आयकर | २५,३१९.३८ | १,२१४.१७ | १,५१५.०० | १,१७४.९० | १२८.९ | २४.८ |
| ब्याज कर | ३,३२३.४० | ४९७.७६ | ५१४.१६ | ६०२.३४ | ८५.४ | ३.३ |
| **कर राजस्व जम्मा** | **१०३,८१९.३८** | **५,६५५.६४** | **७,६१८.८०** | **६,५०१.६३** | **११७.२** | **३४.७** |
| **गैर कर जम्मा** | **११,३४०.६७** | **२२५.८४** | **१,७०७.३३** | **६४५.२८** | **२६४.६** | **६५६.०** |
| **कूल राजस्व** | **११५,१६०.०५** | **५,८८१.४८** | **९,३२६.१२** | **७,१४६.९२** | **१३०.५** | **५८.६** |
| **अन्य प्राप्ति** | **-** | **७८०.९८** | **१,२६७.०३** | **-** | **-** | **६२.२** |
| **जम्मा राजस्व/प्राप्ति** | **११५,१६०.०५** | **६,६६२.४७** | **१०,५९३.१६** | **७,१४६.९२** | **१४८.२** | **५९.०** |

स्रोत: अर्थ मन्त्रालय

नोट: अन्य प्राप्तिमा गत वर्षको नगद मौज्दात र बेरूजु असुली रकम समावेश गरिएको।

६. चालु आर्थिक वर्षको साउन महिनामा गत आर्थिक वर्षको सोही अवधिको तुलनामा आन्तरिक तर्फको मूल्य अभिवृद्धि कर राजस्व सङ्कलनमा कमी आएको छ भने अन्य शीर्षकका कर राजस्वमा वृद्धि भएको छ।


७. समीक्षा अवधिको शीर्षकगत लक्ष्यमा शिक्षा सेवा शुल्क र आय कर तर्फको ब्याज कर शीर्षकको राजस्व बाहेक अन्य शीर्षकको राजस्व लक्ष्य भन्दा बढी सङ्कलन भएको छ। समग्र राजस्व सङ्कलन लक्ष्यको १३०.५ प्रतिशत भएको छ।

### तालिका (ख): पछिल्लो ५ आर्थिक वर्षको साउन महिनाको राजस्व सङ्कलन स्थिति (रू. करोडमा)

| क्र.सं./आ.व. | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ |
|---|---|---|---|---|---|---|
| **कर** | ३८६०.३४ | ४३५६.३८ | ५८८१.७२ | ६३४४.०० | ५६५५.६४ | ७६१८.८० |
| **गैरकर** | २४६.२५ | २२२.३५ | ४१६.२४ | ३४२.०० | २२५.८४ | १७०७.३२ |
| **जम्मा** | ४१०६.०० | ४५७८.०० | ६२९७.९६ | ६६८६.०० | ५८८२.०० | ९३२६.१२ |

स्रोत: अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय


## चार्ट (क): पछिल्लो ५ वर्षको साउन महिनाको राजस्व सङ्कलनको प्रवृत्ति (रू. करोडमा)




स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय

८. पछिल्लो पाँच वर्षको साउन महिनामा राजस्व परिचालनमा उल्लेख्य वृद्धि भएको छ। आर्थिक वर्ष २०७७/७८ को साउन महिनामा १२.० प्रतिशतले ऋणात्मक भएको राजस्व वृद्धिदर चालु आर्थिक वर्षको सोही अवधिमा ५८.६ प्रतिशत पुगेको छ।

## चार्ट (ख): पछिल्लो २ वर्षको सउन महिनाको राजस्व सङ्कलन संरचना




स्रोत: अर्थ मन्त्रालय

९. चालू आर्थिक वर्ष २०७८/७९ को साउन महिनाको कुल राजस्वमा भन्सार महसुल र अन्य करको हिस्सा गत वर्षको सोही अवधिको तुलनामा वृद्धि भएको छ भने आयकर र मूल्य अभिवृद्धि करको हिस्सा घटेको छ। पैठारी व्यापारमा वृद्धि हुँदा भन्सार विन्दुमा सङ्कलन हुने राजस्वमा तुलनात्मक रुपमा उच्च वृद्धि हुँदा कुल राजस्वमा आयकर र मूल्य अभिवृद्धि करको हिस्सा घटेको छ।

### संघीय राजस्व

१०. चालु आर्थिक वर्षको साउन महिनामा संघीय सरकारको राजस्व परिचालन (बाँडफाँट अघिको रोयल्टी समेत) अघिल्लो आर्थिक वर्षको सोही अवधिको रू. ५० अर्ब ९१ करोडको तुलनामा ६४.१ प्रतिशतले वृद्धि भई रू. ८३ अर्ब ५३ करोड पुगेको छ। यस अवधिमा प्रदेश र स्थानीय तहमा बाँडफाँट हुने कर राजस्व गत आर्थिक वर्षको रू. ७ अर्ब ९१ करोडको तुलनामा २३.१ प्रतिशतले वृद्धि भई रू. ९ अर्ब ७३ करोड पुगेको छ।

### करको दायरा विस्तार

११. २०७८ साउनसम्म स्थायी लेखा नम्बर लिने करदाताको कुल सङ्ख्या ४१ लाख ४१ हजार ९ सय ८२ पुगेको छ। साथै यस अवधिसम्म दर्ता भएका कुल करदातामध्ये व्यवसायिक स्थायी लेखा नम्बर लिने करदाता १६ लाख ९ हजार २ सय ९७ (३८.९ प्रतिशत), व्यक्तिगत स्थायी लेखा नम्बर लिने करदाता २५ लाख २२ हजार २ सय १७ (६०.९ प्रतिशत) र करकट्टी गर्ने निकायले लिएको स्थायी लेखा नम्बर १० हजार ४ सय ६८ (०.३ प्रतिशत) पुगेको छ। यसैगरी मूल्य अभिवृद्धि करमा दर्ता भएका करदाताको सङ्ख्या २ लाख ७३ हजार ५ सय ८० र अन्तःशुल्कमा दर्ता भएका करदाताको सङ्ख्या १ लाख १० हजार २ सय ७२ पुगेको छ।

**तालिका (घ): व्यक्तिगत तथा व्यवसायिक स्थायी लेखा नम्बर लिएका करदाताको विवरण**

| दर्ताको प्रकार | २०७८ असारसम्म | २०७७ साउन | २०७८ साउन | २०७८ श्रावण सम्मको जम्मा दर्ता |
|---|---|---|---|---|
| व्यावसायिक स्थायी लेखा नम्बर | १५८०३८० | १५,५२२ | २८,९१७ | १,६०९,२९७ |
| करकट्टी गर्ने निकायले लिएको स्थायी लेखा नम्बर | ९९९८ | २१७ | ४७० | १०,४६८ |
| व्यक्तिगत स्थायी लेखा नम्बर | २४७५७५३ | ३६,६८२ | ४६,४६४ | २,५२२,२१७ |
| **जम्मा स्थायी लेखा नम्बर** | **४,०६६,१३१** | **५२,४२१** | **७५,८५१** | **४,१४१,९८२** |
| मू.अ.कर | २६९५०५ | ३,८५८ | ४,०७५ | २७३,५८० |
| अन्तः शुल्क | १०६४३४ | २,८४७ | ३,८३८ | ११०,२७२ |

स्रोतः आन्तरिक राजस्व विभाग

नोटः दर्ता खारेजीबाट कायम भएको स्थायी लेखा नम्बर मात्र समावेश गरिएको।

### अन्तर्राष्ट्रिय विकास सहायता प्रतिवद्धता

१२. आर्थिक वर्ष २०७८/७९ को साउन महिनामा वैदेशिक सहायता प्रतिवद्धता गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ५७.० प्रतिशतले संकुचन आई रू. २ अर्ब ३६ करोड प्राप्त भएको छ। गत आर्थिक वर्षको सोही अवधिमा रू. ५४ अर्ब ९४ करोडको प्रतिवद्धता प्राप्त भएको थियो। उक्त प्रतिवद्धतामध्ये अनुदान सहायता १६.७ प्रतिशत र ऋण सहायता ८३.३ प्रतिशत रहेको छ। अघिल्लो आर्थिक वर्षमा यस्तो अनुपात क्रमशः १.७ प्रतिशत र ९८.३ प्रतिशत रहेको थियो।

१३. यस अवधिको वैदेशिक सहायता प्रतिवद्धताको सम्पूर्ण हिस्सा बहुपक्षीय सहायता रहेको छ।

१४. कुल वैदेशिक सहायता प्रतिवद्धतामध्ये सबैभन्दा बढी एशियाली विकास बैंकबाट ८५.९ प्रतिशत प्राप्त भएको छ।

१५. सहायता प्रतिवद्धता मध्ये कोभिड क्षेत्रमा सबैभन्दा बढी ८३.३ प्रतिशत, वन तथा वातावरण क्षेत्रमा १४.१ प्रतिशत र खानेपानी तथा सरसफाइ क्षेत्रमा २.५ प्रतिशत रहेको छ।

१६. चालु आर्थिक वर्षको यस अवधिमा वैदेशिक ऋण र अनुदान सहायता प्राप्त भएको छैन।

**तालिका (ङ): २०७८ साउनसम्मको क्षेत्रगत विकास सहायता प्रतिवद्धताको अवस्था (रू. करोडमा)**

| क्षेत्र | प्रतिवद्धता रकम | प्रतिशतमा |
|---|---|---|
| खानेपानी तथा सरसफाई | ६.० | २.५ |
| कोभिड | १९७.० | ८३.३ |
| वन तथा वातावरण | ३३.४ | १४.१ |
| कुल | २३६.३ | १००.० |

स्रोतः अर्थ मन्त्रालय

## वित्तीय क्षेत्र

१७. २०७८ साउनमा कुल लगानीमा निष्कृय कर्जाको अनुपात १.४८ प्रतिशत र विपन्न क्षेत्र तर्फ प्रवाहित कर्जा अनुपात ८.२५ प्रतिशत रहेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा यस्तो अनुपात क्रमशः १.८९ प्रतिशत र ६.६१ प्रतिशत रहेको थियो।

१८. २०७८ साउनसम्म ७५० स्थानीय तहमा वाणिज्य बैंकको शाखा पुगेको छ। २०७७ साउनमा ७४७ स्थानीय तहमा वाणिज्य बैंकको शाखा पुगेको थियो।

१९. २०७७ साउन मसान्तसम्ममा बैंक तथा वित्तीय संस्थाको सङ्ख्या १६३ रहेकोमा गाभिने प्रकृया मार्फत् २०७८ साउनमसान्तमा वित्तीय संस्थामा उल्लेख्य कमी आई १३३ कायम भएको छ। २०७७ साउन मसान्तसम्म बैंक तथा वित्तीय संस्थाको शाखा सङ्ख्या ९, ८१३ रहेकोमा २०७८ साउनमसान्तमा शाखा सङ्ख्या १०,७२० पुगेको छ।

२०. यस अवधिमा निक्षेप र कर्जाको भारित औसत ब्याजदर क्रमशः ४.७६ प्रतिशत र ८.४८ प्रतिशत रहेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा उक्त ब्याजदर क्रमश ५.७७ प्रतिशत र १०.४७ प्रतिशत रहेको थियो।

**तालिका (च): साउनसम्मका वित्तीय परिसूचक**

| वित्तीय सूचक | २०७६ | २०७७ | २०७८ |
|---|---|---|---|
| **कुल गार्हस्थ्य उत्पादनको प्रतिशतमा** | | | |
| कुल निक्षेप | ९६.२० | १०४.४५ | १०९.३८ |
| कुल कर्जा | ८४.२८ | ८६.४६ | ९९.० |
| **कुल कर्जा लगानीको प्रतिशतमा** | | | |
| निष्कृय कर्जा | १.५२ | १.८९ | १.४८ |
| विपन्न क्षेत्र कर्जा | ६.५६ | ६.६१ | ८.२५ |
| **वित्तीय पहुचका परिसूचकहरू** | | | |
| बैङ्क तथा वित्तीय संस्था (सङ्ख्यामा) | १७१ | १५३ | १३३ |
| बैङ्क तथा वित्तीय संस्थाका शाखा सञ्जाल (सङ्ख्यामा) | ८८०५ | ९८१३ | १०७२० |
| वाणिज्य बैङ्कको उपस्थिति भएका स्थानीय तह | ७३७ | ७४७ | ७५० |
| कुल निक्षेप खाता (सङ्ख्या लाखमा) | २७८.७ | ३२४.५ | ३७७.७ |
| कुल कर्जा खाता (सङ्ख्या लाखमा) | १४.३९ | १५.४४ | १७.०२ |
| एटिएम (सङ्ख्यामा) | ३३१६ | ४१०६ | ४,३२९ |
| **भारित औसत ब्याजदर** | | | |
| निक्षेप | ६.६४ | ५.७७ | ४.७६ |
| कर्जा | १२.२० | १०.४७ | ८.४८ |

स्रोतः नेपाल राष्ट्र बैंक

## बीमा क्षेत्र

२१. चालु आर्थिक वर्षको साउन महिनासम्म जारी भएको कुल बीमालेख सङ्ख्यामा अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा ८.४ प्रतिशतले वृद्धि भई ८८ लाख २४ हजार ५ सय ३० पुगेको छ। जसमध्ये जीवन बीमालेख र निर्जीवन बीमा लेखको हिस्सा क्रमशः ९७.३ प्रतिशत र २.७ प्रतिशत रहेको छ। अघिल्लो वर्षको साउन महिनामा उक्त हिस्सा क्रमशः ९७.० प्रतिशत र ३.० प्रतिशत रहेको थियो। साथै, चालु आर्थिक वर्षमा वैदेशिक रोजगार बीमालेख सङ्ख्यामा ३२.९ प्रतिशतले कमी आएको छ।

२२. यस अवधिमा सङ्कलन भएको बीमा प्रिमियम रकम अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा २४.१ प्रतिशतले वृद्धि भई रू. १९ अर्ब ५३ करोड पुगेको छ। अघिल्लो आर्थिक वर्षमा उक्त रकम रू. १५ अर्ब ७४ करोड रहेको थियो।


२३. यस अवधिको बीमा प्रिमियम रकममा जीवन बीमा र निर्जिवन बीमा तर्फको हिस्सा क्रमशः ८५.० प्रतिशत र १५.० प्रतिशत रहेको छ। अघिल्लो आर्थिक वर्षको साउन मसान्तमा उक्त हिस्सा क्रमशः ८२.८ प्रतिशत र १७.२प्रतिशत रहेको थियो।

२४. २०७७ फागुनसम्म जारी भएको वैदेशिक रोजगार बीमालेख समेत समावेश गर्दा बीमाको दायरामा आएको जनसङ्ख्या २६.९ प्रतिशत पुगेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा २५.२ प्रतिशत जनसङ्ख्या बीमाको दायरामा रहेको थियो।

## पूँजी बजार

२५. २०७७ साउन मसान्तमा १३९१.४६ विन्दुमा रहेको नेप्से सूचकाङ्क २०७८ साउन मसान्तमा ३१६०.०९ विन्दु कायम भएको छ। यस अवधिमा वार्षिक विन्दुगत आधारमा बजार पूँजीकरण १४०.४ प्रतिशतले वृद्धि भई रू. ४४ खर्ब १४ अर्ब ११ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा उक्त रकम रू. १८ खर्ब ३६ अर्ब ७९ करोड रहेको थियो।


**चार्ट (ग): पछिल्लो ५ वर्षको साउन मसान्तको नेप्से सूचकाङ्क**




स्रोतः नेपाल स्टक एक्सचेन्ज लिमिटेड

२६. २०७८ साउन ३ गते २९८०.६१ विन्दुमा रहेको नेप्से सूचकाङ्क क्रमशः वृद्धि हुँदै कारोबार भएको अन्तिम दिन जेठ ३१ गते ३१६०.०९ विन्दु कायम भएको छ।

**चार्ट (घ) २०७८ साउन महिनाको नेप्से सूचकाङ्कको प्रवृत्ति**




स्रोतः नेपाल स्टक एक्सचेन्ज लिमिटेड

## समग्र मूल्य स्थिति

२७. २०७८ साउनमा वार्षिक विन्दुगत आधारमा उपभोक्ता मुद्रास्फीति ४.३५ प्रतिशत रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा उक्त मुद्रास्फीति ३.४९ प्रतिशत रहेको थियो। समीक्षा महिनामा खाद्य तथा पेय पदार्थ समूहको मुद्रास्फीति ३.८६ प्रतिशत र गैर–खाद्य तथा सेवा समूहको मुद्रास्फीति ४.७४ प्रतिशत रहेको छ। २०७७ साउनको तुलनामा घ्यू तथा तेल उपसमूहको मूल्यवृद्धि २९.१ प्रतिशत, गैर मदिराजन्य पेय पदार्थ उपसमूहको मूल्यवृद्धि १०.५ प्रतिशत सूर्तीजन्य वस्तुहरूको मूल्य वृद्धि १०.१ प्रतिशत, र यातायात उपसमूहको मूल्यवृद्धि ९.४ प्रतिशत रहेको छ।

## वस्तु निकासी

२८. आर्थिक वर्ष २०७८/७९ को साउन महिनामा कुल वस्तु निकासी गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ११५.९ प्रतिशतले वृद्धि भई रू. २० अर्ब ७६ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा कुल वस्तु निकासी रू. ९ अर्ब ६२ करोड रहेको थियो।

२९. यस अवधिमा भटमासको प्रशोधित तेल, प्रशोधित पाम तेल, सूर्यमुखीको प्रशोधित तेल, जुटका बुनिएका कपडा, फलफूलको जुस, जमोठ कपडा, लगायतका वस्तुको निकासी बढेको छ भने अलैंची, चिया लगायतका वस्तुको निकासी घटेको छ।

३०. चालु आर्थिक वर्षको साउन महिनाको कुल निकासीमध्ये भारत, चीन, र अन्य देशतर्फ भएको निकासीको अंश क्रमशः ८१.२ प्रतिशत, ०.४ प्रतिशत र १८.४ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा उक्त अंश क्रमशः ६५.७ प्रतिशत, ०.६ प्रतिशत र ३३.७ प्रतिशत रहेको थियो। यस अवधिमा भारत र चीन तर्फको वस्तु निकासी मूल्यगत आधारमा क्रमशः १६७.० प्रतिशत र ४७.८ प्रतिशतले वृद्धि भएको छ।

**तालिका (छ): साउन महिनामा निकासी भएका प्रमुख १० वस्तु (रू. करोडमा)**

| वस्तु | २०७७/७८ | २०७८/७९ | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| भटमासको तेल प्रशोधित | २२७.०६ | ८९८.६४ | २९५.८ |
| प्रशोधित पाम तेल | ० | २१५.६ | - |
| सेन्थेटिक यार्न | ५५.२५ | ११०.११ | ९९.३ |
| उनी गलैंचा कार्पेट | ६८.२९ | ८०.१२ | १७.३ |
| सुर्यमुखिको प्रशोधित तेल | १.५७ | ७९.१९ | ४९४३.९ |
| जुटका बुनिएका कपडा | ३१.६२ | ६६.८१ | १११.३ |
| तयारी कपडा | ४७.७७ | ६१.१६ | २८.० |
| जमोठ कपडा | ४१.५१ | ५०.०२ | २०.५ |
| फलफुलको जुस | १३.४५ | ४५.९२ | २४१.४ |
| अलैची | ४७.६३ | ३५.६६ | -२५.१ |
| कुल | ५३४.१५ | १६४३.२३ | २०७.६ |
| अन्य | ४२७.८३ | ४३३.२६ | १.३ |
| **जम्मा** | **९६१.९८** | **२०७६.४९** | **११५.९** |

स्रोतः भन्सार विभाग

## वस्तु पैठारी

३१. चालु आर्थिक वर्ष २०७८/७९ को साउन महिनामा कुल वस्तु पैठारीमा गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ७५.७ प्रतिशतले वृद्धि भएको छ। यस अवधिमा कुल पैठारी रू. १ खर्ब ५० अर्ब ७३ करोड रहेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा कुल वस्तु पैठारी रू. ८५ अर्ब ८१ करोड रहेको थियो।

३२. यस वर्ष सुन, चाँदी, प्रशोधित भटमासको कच्चा तेल, डिजेल, पेट्रोल, एस.एम. विलेट लगायतका वस्तुको पैठारी बढेको छ भने डी.ए.पी. मल, चिनी लगायतका वस्तुको पैठारी घटेको छ।

३३. यस अवधिको कुल पैठारीमध्ये भारत, चीन र अन्य देशहरूतर्फ भएको पैठारीको अंश क्रमशः ५९.४ प्रतिशत, १३.९ प्रतिशत र २६.७ प्रतिशत रहेको छ। अघिल्लो आर्थिक वर्षमा उक्त अनुपात क्रमशः ६५.७ प्रतिशत, १३.० प्रतिशत र २१.३ प्रतिशत रहेको थियो।

३४. यस अवधिमा भारतबाट हुने वस्तु पैठारी ५८.७ प्रतिशतले वृद्धि भएको छ भने चीनबाट हुने पैठारी ८७.६ प्रतिशतले वृद्धि भएको छ।

**तालिका (ज): साउन महिनामा पैठारी भएका प्रमुख १० वस्तुहरू (रू. करोडमा)**

| वस्तु | २०७७/७८ | २०७८/७९ | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| भटमासको तेल कच्चा | २५६.२१ | ८३२.९ | २२५.१ |
| डिजेल | २४५.५५ | ६६४.५९ | १७०.७ |


| वस्तु | २०७७/७८ | २०७८/७९ | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| एम.एस.विलेट | २३०.३९ | ६४५.४७ | १८०.२ |
| मोवाइल टेलिफोन | ४२६.५ | ४८२.६८ | १३.२ |
| पेट्रोल | १७७.३३ | ४४१.१७ | १४८.८ |
| एल पि ग्यास | १९७.१४ | ३५५.८७ | ८०.५ |
| चाँदी | २०.९७ | ३१७.६४ | १४१४.७ |
| सुन | ०.३५ | ३१७.५३ | ९०६२२.९ |
| एच.आर.सिट | १९२.८४ | २९०.६४ | ५०.७ |
| चामल | २३६.३४ | २७८.३२ | १७.८ |
| अन्य | ६५९७.०५ | १०४४६.२ | ५८.३ |
| **जम्मा** | **८५८०.६७** | **१५०७२.९७** | **७५.७** |

स्रोतः भन्सार विभाग

### व्यापार सन्तुलन

३५. आर्थिक वर्ष २०७८/७९ को साउन महिनामा कुल वस्तु व्यापार घाटा गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ७०.५९ प्रतिशतले वृद्धि भई रू. १ खर्ब २९अर्ब ९७ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो वस्तु व्यापार घाटा रू. ७६ अर्ब १९ करोड रहेको थियो।

**चार्ट (च): पछिल्लो ५ आर्थिक वर्षको साउनमहिनाको वस्तु व्यापार घाटाको स्थिति (रू. अर्बमा)**





स्रोतः भन्सार विभाग

३६. विगत पाँच आर्थिक वर्षको साउन महिनाको तथ्याङ्क विश्लेषण गर्दा आर्थिक वर्ष २०७६ र २०७७ साउनमा वस्तु व्यापार घाटामा सुधार भएको छ भने अन्य आर्थिक वर्षमा वृद्धि भएको छ।

३७. चालु आर्थिक वर्षको साउन महिनामा कुल वस्तु व्यापारमा निकासी र पैठारीको अंश क्रमशः १२.१ प्रतिशत र ८७.९ प्रतिशत रहेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा उक्त अंश क्रमश १०.१ प्रतिशत र ८९.९ प्रतिशत रहेको थियो।

चार्ट (छ): पछिल्लो ५ आर्थिक वर्षको साउन महिनाको कुल वस्तु व्यापारमा निकासी र पैठारीको अंश (प्रतिशतमा)




स्रोतः भन्सार विभाग

३८. चालु आर्थिक वर्षको साउन महिनामा कुल वस्तु व्यापारमा निकासी र पैठारीको अंश क्रमशः १२.१ प्रतिशत र ८७.९ प्रतिशत रहेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा यस्तो अंश क्रमश १०.१ प्रतिशत र ८९.९ प्रतिशत रहेको थियो।

## सेवा व्यापार

३९. आर्थिक वर्ष २०७८/७९ को साउन महिनामा कुल सेवा आय गत वर्षको संशोधित सेवा आय रू. ६ अर्ब १५ करोडको तुलनामा ११.० प्रतिशतले वृद्धि भई रू. ६ अर्ब ८३ करोड पुगेको छ। साथै यस अवधिको सेवा खर्च अघिल्लो वर्षको साउन महिनाको रू. ९ अर्ब २४ करोडको तुलनामा ८३.४ प्रतिशतले वृद्धि भई रू. १६ अर्ब ९५ करोड पुगेको छ।

४०. चालु आर्थिक वर्षको पहिलो महिनामा खुद सेवा आय रू. १० अर्ब १२ करोडले घाटामा रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा खुद सेवा आय रू. ३ अर्ब ९ करोडले घाटामा रहेको थियो।

## विप्रेषण आप्रवाह र वैदेशिक रोजगार

४१. आर्थिक वर्ष २०७८/७९ को साउनमहिनामा विप्रेषण आप्रवाह गत आर्थिक वर्षको सोही अवधिको रू. ९२ अर्ब ७४ करोडको तुलनामा १८.१ प्रतिशतले संकुचन आई रू. ७५ अर्ब ९६ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह २३.० प्रतिशतले वृद्धि भएको थियो।

४२. चालु आर्थिक वर्षको साउन मसान्तसम्म वैदेशिक रोजगारीको लागि अन्तिम श्रम स्वीकृति लिने नेपाली कामदारको सङ्ख्या गत आर्थिक वर्षको सोही अवधिको तुलनामा उल्लेख्य वृद्धि भई १३ हजार ८ सय पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा १ सय ४० कामदारले मात्र अन्तिम श्रम स्वीकृति लिएका थिए। त्यसैगरी यस अवधिमा पुनःश्रम स्वीकृति लिने कामदारको सङ्ख्यामा समेत उल्लेख्य वृद्धि भई ११ हजार ६ सय २८ पुगेको छ।

## चालु खाता एवम् शोधनान्तर स्थिति

४३. आर्थिक वर्ष २०७८/७९ को साउन मसान्तमा शोधनान्तर स्थिति रू ३८ अर्ब ७५ करोडले घाटामा रहेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा शोधनान्तर स्थिति रू. ५१ अर्ब ४६ करोडले बचतमा रहेको थियो। त्यसैगरी, यस अवधिमा चालु खाता रू. ४७ अर्ब ९० करोडले घाटामा रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा चालु खाता रू. २४ अर्ब ८९ करोडले घाटामा रहेको थियो।

## विदेशी विनिमय सञ्चिति

४४. २०७७ साउन महिनामा रू. १४ खर्ब ३६ अर्ब ७३ करोड रहेको विदेशी विनिमय सञ्चिति २०७८ साउन मसान्तमा ५.८ प्रतिशतले कमी आई १३ खर्ब ५३ अर्ब ८२ कायम रहेको छ।

४५. आर्थिक वर्ष २०७८/७९ को पहिलो महिनाको पैठारीलाई आधार मान्दा यस अवधिको विदेशी विनिमय सञ्चितिले ९.३ महिनाको वस्तु पैठारी र ८.३ महिनाको वस्तु तथा सेवाको पैठारी धान्न पर्याप्त रहने देखिन्छ।

## विनिमय दर

४६. २०७८ असारमसान्तको तुलनामा २०७८ साउन मसान्तमा अमेरिकी डलरसँग नेपाली रूपैयाँ ०.५ प्रतिशतले अधिमूल्यन भई अमेरिकी डलर एकको खरिद विनिमय दर रू.११८.५० पुगेको छ। २०७८ असार मसान्तमा यस्तो विनिमय दर रू.११९.०४ रहेको थियो।

## अन्य आर्थिक गतिविधि


### पर्यटक आगमन

४७. सन् २०२१ को अगष्ट महिनासम्म (जनवरी देखि अगष्टसम्मको अवधि) मा नेपाल आउने पर्यटकको सङ्ख्या सन् २०२० को सोही अवधिको तुलनामा ६९.७ प्रतिशतले न्यून भई ६६ हजार ९ सय ६६ रहेको छ। सन् २०२० को सोही अवधिमा यस्तो सङ्ख्या ७०.१ प्रतिशतले कमी आई २ लाख २१ हजार २ सय ७८ रहेको थियो। यस अवधिको पर्यटन क्षेत्रको आयमा ११८.६ प्रतिशतले वृद्धि भई रू १ अर्ब २९ करोड भएको छ।

### कम्पनी दर्ता

४८. आर्थिक वर्ष २०७८/७९ को साउन महिनामा दर्ता भएका कम्पनीको सङ्ख्या अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा ३२.० प्रतिशतले वृद्धि भई ३ हजार ४ सय ७४ पुगेको छ।

**चार्ट (ज): पछिल्लो ५ आर्थिक वर्षको साउन महिनाको कम्पनी दर्ताको प्रवृत्ति** (सङ्ख्यामा)




स्रोतः कम्पनी रजिष्ट्रारको कार्यालय

## नीतिगत तथा कानूनी विषय र राय परामर्श

४९. मिति २०७८।४।१ मा आर्थिक अध्यादेश, २०७८ विनियोजन अध्यादेश, २०७८ र राष्ट्र ऋण उठाउने अध्यादेश, २०७८ संघीय संसदको बैठकमा पेश गर्ने प्रयोजनार्थ संघीय संसदको सचिवालयमा दर्ता गरिएको ।

५०. मिति २०७८।४।२२ मा राष्ट्र ऋण (पाँचौ संशोधन) नियमावली, २०७८ र ऋणपत्रको प्राथमिक तथा दोस्रो बजार व्यवस्थापन (दोस्रो संशोधन) नियमावली, २०७८ र विभिन्न प्रकारका राजस्व छुट सम्बन्धी ४९ वटा सूचनाहरु नेपाल राजपत्रमा प्रकाशनका लागि मुद्रण विभागमा पठाइएको ।

## अन्य गतिविधि

५१. विभिन्न निकायहरुबाट प्राप्त मौद्रिक नीतिमा समावेश गर्नु पर्ने सुझावहरु नेपाल राष्ट्र बैंकमा पठाइएको।

५२. १८३ जना कर्मचारीलाई राजस्व प्रशासनसम्बन्धी अल्पकालीन तालिम प्रदान गरिएको।

५३. मिति २०७८ साउन ४ गते माननीय अर्थमन्त्री जनार्दन शर्मा 'प्रभाकर' को समुपस्थितिमा पूँजीगत खर्च गर्ने प्रमुख मन्त्रालयहरूको सहभागितामा गत आर्थिक वर्षको पूँजीगत खर्च अवस्थाको समीक्षा सम्पन्न भयो। सो क्रममा सम्बन्धित मन्त्रालयका सचिवहरूलाई निर्देशन दिनु हुँदै माननीय अर्थमन्त्रीले पूँजीगत खर्चको लक्ष्य अनुरूप प्रगति हासित हुन नसक्नाका कारण र समस्याहरू हल गर्न कार्यान्वयन योग्य सुझावहरू पहिचान गरी पेश गर्न निर्देशन दिनुभयो।

५४. मिति २०७८ साउन ७ गते अर्थमन्त्री जनार्दन शर्मा र विश्व बैंकका प्रतिनिधिबीच भर्चुअल बैठक सम्पन्न भयो। बैठकमा मन्त्री शर्माले कोभिड महामारीबाट जनतालाई बचाउनु नेपाल सरकारको पहिलो प्राथमिकता रहेको जानकारी दिनुहुँदै त्यसको लागि विश्व बैंकले गरेको सहयोगप्रति धन्यवाद ज्ञापन गर्नुभयो। कोभिडबाट प्रभावित अर्थतन्त्रलाई पुनर्जीवन दिनु सरकारको दोश्रो प्राथमिकता रहेको बताउदै मन्त्री शर्माले यस अभियानमा समेत विश्वबैंकको सहकार्य रहने विश्वास व्यक्त गर्नुभयो ।

५५. मिति २०७८ साउन ८ गते अर्थमन्त्री जनार्दन शर्माले नेपाल चेम्बर अफ कमर्सको सुझावपत्र ग्रहण गर्दै सरकारले विदेशी लगानीकर्ताहरुको सम्मेलन गर्रिदै आएकोमा अब स्वदेशी लगानी सम्मेलन गरेर अर्थतन्त्रलाई गतिशील बनाउने सोचाई आफूले बनाएको जानकारी दिनुभयो ।

५६. मिति २०७८ साउन १० गते माननीय अर्थमन्त्रीले अर्थतन्त्रका विद्यमान चुनौति र समस्याहरू तथा तिनको सम्बोधनका लागि लिनु पर्ने नीतिगत सुधारका सम्बन्धमा पूर्व अर्थमन्त्रीहरूसँग छलफल गर्नु भयो। छलफलका क्रममा माननीय अर्थमन्त्रीले राष्ट्रिय सहमति, उपलब्ध स्रोत तथा विद्यमान जनशक्तिको कुशल संयोजनबाट कोभिड महामारीबाट अर्थतन्त्रमा परेको प्रभाव र त्यसबाट सिर्जित प्रतिकुल परिस्थिति अन्त्य गरिने विश्वास व्यक्त गर्नु भयो।

५७. मिति २०७८ साउन १३ गते माननीय अर्थमन्त्रीले नेपालका लागि दक्षिण कोरियाका राजदुत Park Chong-Suk सँगको भेटमा भाषा परीक्षा उत्तीर्ण गरी कोरिया जान नपाएका युवाहरुलाई काम गर्ने वातावरण बनाइदिन आग्रह गर्नुभयो । कोभिड महामारीका कारण रोकिएको प्रक्रिया चाँडै अघि बढाउन सरकारको तर्फबाट हुनुपर्ने काम गरिने प्रतिवद्धता जनाउदै मन्त्री शर्माले कोरियाको तर्फबाट आवश्यक प्रक्रिया अघि बढाइदिन समेत आग्रह गर्नुभयो । जवाफमा राजदुत Park ले रोकिएको इपिएसको काम अघि बढाउन आफूले पहल गर्ने वचन दिनुभयो ।

५८. मिति २०७८ साउन १९ गते अर्थमन्त्री जनार्दन शर्माले राष्ट्रिय सहकारी बैंकको १९औं वार्षिकोत्सवको अवसरमा आयोजित सहकारीमा लघुवित्त सम्मलेन–२०७८ लाई सम्बोधन गर्दै सहकारी बैंकका चेक क्लीयरिङ्ग नहुने समस्या अन्त्य हुने घोषणा गर्नुभयो।

५९. मिति २०७८ साउन २६ गते सरकारले देशको वर्तमान आर्थिक अवस्थाको जानकारी संसदसमक्ष प्रस्तुत गरिएको।

६०. मिति २०७८ साउन ३२ गते माननीय अर्थमन्त्रीको समुपस्थितिमा अर्थ मन्त्रालयको आर्थिक वर्ष २०७७/७८ को वार्षिक प्रगति समीक्षा तथा मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठक सम्मन्न भयो। उक्त बैठकमा माननीय अर्थमन्त्रीले समीक्षाका लागि समीक्षा नभई उचित परिणाम देख्न सक्ने, जनताले प्रत्यक्ष राहत र अनुभूति महशुस गर्न सक्ने गरी कार्य गर्न निर्देशन दिनुभयो।